दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १२४ | बुटवल | २०८२ बैशाख २८, गते आइतबार | नेपाल संवत ११४५ | Sunday May.11, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## भारत-पाकिस्तानबिच युद्धबिरामको सहमति



बुटवल । भारत-पाकिस्तानबिच युद्धबिरामको सहमति भएको छ । दुवै देशका उच्च अधिकारीहरूले तत्काल लागू हुनेगरी युद्धबिरामको सहमति भएको जानकारी गराएका छन् । पाकिस्तानका उप-प्रधानमन्त्री इशाक दार र भारतका विदेशसचिव विक्रम मिश्रिले युद्धविरामको सहमति भएको जानकारी गराएका हुन् ।

भारतका विदेश सचिव मिस्रीले पाकिस्तानका सैन्य अपरेशन्स प्रमुख (डीएमजीओ) ले शनिबार दिउँसो भारतीय समकक्षीसँग फोनवार्ता गरेका र पूर्ण युद्धबिरामको सहमति भएको पुष्टि गरेका छन् ।

छोटो विज्ञप्तिमा मिस्रीले भनेका छन्-'दुवै पक्षबिच शनिबार साँझ भारतीय समयअनुसार १७:०० बजेदेखि स्थल, आकाश र समुद्रमा सबै प्रकारका युद्ध र सैन्य कारबाही रोक्ने सहमति भएको छ ।'

दुवै पक्षका डीएमजीओहरूलाई यो सहमति कार्यान्वयन गर्न निर्देशन दिइसकिएको छ । साथै, दुवै अधिकारीबीच मे १२ मा दिउँसो १२ बजे फेरि संवाद हुने जानकारी पनि दिइएको छ । पाकिस्तानका विदेश मन्त्री इसहाक डारले जियो टिभीसँगको कुराकानीमा भारतसँग भएको सहमति आंशिक नभई पूर्ण युद्धबिराम सम्झौता भएको स्पष्ट पारेका छन् ।

डारका अनुसार, यो सम्झौतापछि भारत र पाकिस्तानबिचको सैन्य संवाद र हटलाइन प्रणाली पनि सक्रिय गरिएको छ । युद्धबिरामको घोषणाले दुबै देशका सीमा क्षेत्रका बासिन्दामा खुशियाली छाएको छ ।

## सरकार आफ्नै बोझले ढल्छ : प्रचण्ड

बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वर्तमान सरकार आफ्नै कुकर्मको बोझले ढल्ने दाबी गरेका छन् । तर, आफूहरू अहिले सरकार ढाल्ने हतारोमा नरहेको उनको भनाइ थियो । पार्टीको पाँचथर जिल्ला कमिटीले फिदिम बजारमा आयोजना गरेको जनसभालाई सम्बोधन गर्ने क्रममा उनले यस्तो दाबी गरेका हुन् ।

'यो सरकार आफ्नै कुकर्मको बोझले ढल्नेछ । ढल्छ । हामी सरकार ढाल्ने हतारोमा छैनौं । अहिले जनतासँगै छौं ।'- प्रचण्डको भनाइ छ ।

अबको निर्वाचनमा आफ्नो पार्टी कसैको बैशाखी टेकेर सहभागी नहुने उनले दोहोऱ्याए । 'अब यी बुर्जुवाहरूको वैशाखी टेकेर चुनावमा गइने छैन । हामी आफ्नै तागतमा फेरि ०६४ मा जस्तै चुनावमा जानेछौं,' प्रचण्डले भने । उनले पार्टी र आफ्नाविरुद्ध विभिन्न भ्रम छर्ने प्रयास भइरहेको भन्दै त्यस्ता भ्रममा नपर्न नेता कार्यकर्तालाई अनुरोध गरे । 'कतिपय बेला विभिन्न भ्रम छर्न खोजिन्छ, त्यो भ्रममा नपर्नुहोला ।'- प्रचण्डले कार्यकर्तालाई भनेका छन् ।

उनले अहिलेको दुई तिहाइ सरकार भिजेको बिरालोको हालतमा रहेको टिप्पणी पनि गरे । 'दुई तिहाइ सरकारको भिजेको बिरालोको हालत हामीले देखिरहेका छौं । राम्रो काम एउटा पनि गर्न सकेको छैन । नराम्रो काम मात्रै भइरहेको छ ।'- प्रचण्डले भने ।

# २५६९औं बुद्धजयन्तीमा तीन दिन के हुँदैछ ?




**लुम्बिनी संवाददाता**
*बुटवल*

२५६९औं बुद्धजयन्ती एवम् लुम्बिनी दिवस २०८२ तीन दिनसम्म विविध कार्यक्रम गरी मनाइने भएको छ ।

लुम्बिनी विकास कोषले शनिबार पत्रकार सम्मेलन गरी बुद्धको जीवनीसँग सम्बन्धित लुम्बिनी, तिलौराकोट, रामग्राम रुर देवदहमा बैशाख २८ देखि ३० गतेसम्म विभिन्न कार्यक्रमसहित बुद्धजयन्ती मनाउन लागेको जानकारी गराएको हो ।

कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामाले वैशाख २८, २९ र ३० गते तीन दिन उत्सवका रुपमा बुद्ध जयन्ती मनाइने बताए । 'दुई विशाल मुलुक भारत र चीनको बिचमा रहेको नेपालको लुम्बिनीका लागि ठूला ठूला सहायताका कार्यक्रम ल्याउन सक्ने खालको प्रयत्न हुन आवश्यक छ', उनले भने- 'लुम्बिनीको बिकासका लागि सुशासनको आवश्यकता पनि उत्तिकै अपरिहार्य छ ।' उनले बुद्धजयन्ती मुलुक र विश्वकै लागि गौरवको विषय भएको बताए ।

बुद्धजयन्ती तथा लुम्बिनी दिवका लागि एक करोड रुपैयाँ खर्च हुने लामाले बताए । गौतमबुद्धको जन्म, ज्ञान प्राप्ती र निधनको त्रियोग बौद्ध पूर्णिमाकै दिन हुनुले पनि यो दिन विशेष महत्वको भएको लामाले बताए । गौतमबुद्धको जन्म २६४९ वर्ष अघि ई.पू.६२३ मा लुम्बिनीको सुन्दर रपवित्र बगैचामा बैशाख शुक्लपूर्णिमाका दिन भएको थियो ।

२५६९औं बुद्धजयन्ती एवम् लुम्बिनी दिवस सम्पन्न गर्न संस्कृती पर्यटन तथा नागरिक उहटन मन्त्री तथा लुम्बिनी विकास कोषका अध्यक्ष बद्रीप्रसाद पाण्डेको संयोजकत्वमा ५६९ सदस्यीय मुल आयोजक समिति गठन भएको र अन्य समितिहरुमा ३० सदस्यीय सल्लाहकार समितिबनेको कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराईले जानकारी दिए । बैशाख २९ गते प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन तथा ध्यान केन्द्रमा विशेष समारोह हुने भट्टराईले बताए । विशेष समारोहमा लुम्बिनी विकास कोषका अध्यक्ष एवं संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे सहित संघिय तथा प्रदेश मन्त्रीहरु, लुम्बिनी प्रदेशका प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रतिनिधिसभा, र प्रदेशसभा सदस्यज्यूहरुसहित उच्चस्तरीय पदाधिकारी, कुटनितिक नियोगका प्रतिनिधिका साथै विदेशी पाहुनाहरुको समेत सहभागिता रहने उनले बताए । भट्टराईका अनुसार, लुम्बिनी दिवस समारोहमा भारत र पाकिस्तानसहित विभिन्न मुलुकका नेपालका लागि राजदुतहरुको पनि सहभागिता रहने छ ।

लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले दक्षिण एशियाका दुई ठूला शक्तिशाली राष्ट्र भारत र पाकिस्तान युद्ध उन्मुख भइरहेका बेलामा बुद्ध जयन्तीका दिन लुम्बिनीबाट शान्तिको सन्देश जाओस् भन्ने प्रयत्न लुम्बिनी विकास कोषले राखेको बताए ।

तीन दिने कार्यक्रमअन्तर्गत बैशाख २८ गते साँझ मायादेवी मन्दिर परिसरमा अहोरात्र महापरित्राण पाठ हुने छ भने बैशाख २९ गते बिहान ६ बजेदेखि भिक्षु भिक्षुणी, लामा गुरुहरु तथा उपासक उपासिकाहरुको सहभागितामा प्रार्थना सभा, बिहान साढे ७ बजे ५ नम्बर गेटबाट शोभायात्रा हुनेछ ।

यसका साथै बृहतर लुम्बिनी क्षेत्रअन्तर्गत अस्तीधातु रहेको रामग्राम, प्राचिन तिलौराकोट दरबार, कुदान, देवदहमा पनि बुद्धजयन्तीका अवसरमा कोष र स्थानीय तहहरुसँगको समन्वयमा विविध कार्यक्रम गरेर मनाइने उनले बताए । यस्तै बृहत्तर लुम्बिनी क्षेत्रमा सरसफाइ कार्यक्रम, दीप प्रज्वलन, खेलकुद प्रतियोगिता, शाकाहारी खाना महोत्सव, आँखा शिविर, रक्तदान कार्यक्रम, नाट्य प्रस्तुति, शान्ति ध्यान, प्रभूति उत्सवलगायतका कार्यक्रमहरु आयोजना गरिने छ ।

बुद्धको ज्ञानको महत्व दर्शाउनका लागि देवदह नगरपालिका, रामग्राम नगरपालिका, कपिलवस्तु नगरपालिकासहित बृहत्तर लुम्बिनी क्षेत्रका जिल्लावासीहरुलाई बुद्धजयन्तीका अवसरमा दीप प्रज्ववलन गर्न लुम्बिनी विकास कोषले अपिल गरेको छ । बुद्धजयन्तीको भोलीपल्ट बैशाख ३० गते वर्षेनी हुँदै आएको बोधिसत्व सिद्धार्थको शोभायात्रा र लुम्बिनीबाट नवजात शिशु राजकुमार सिद्धार्थलाई कपिलवस्तुको तिलौराकोट लगिने कार्यक्रम रहेको छ । लुम्बिनीबाट कपिलवस्तुसम्म मायादेवी मार्ग हुँदै बुद्धकालिन अवस्थाको झल्को दिनेगरी शोभायात्रा गरिने कोषका वरिष्ठ सूचना अधिकारी डा.हरिध्वज राईले बताए ।

# भ्रष्टाचारीलाई कारबाही गरेर विमानस्थल चलाउनु पर्छ : लिङ्देन

कमिशन खान र भ्रष्टाचार गर्नठूला योजना बन्ने गरेका आरोप लगाउँदै उनले व्यवस्थामा सुधार नगरेसम्म परिवर्तन नआउने बताए ।




**मोहम्मद हबिब**
*भैरहवा*

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले भ्रष्टाचारीलाई कारबाही गरेर भैरहवा र पोखराका विमानस्थल चलाउनु पर्ने बताएका छन् ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा सञ्चालनका लागि सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीले गरेको छलफलमा बोल्दै अध्यक्ष लिङ्देनले उत्साह बाँडेर एयरपोर्टको योजना ल्याउने अनि ४१ अर्ब ऋणको भारी बोकाएको बताए । 'नचल्ने एयरपोर्ट कसले बनायो ?'- प्रश्न गर्दै उनले भने-'एयरपोर्ट पनि चल्नु पर्छ र तिनीहरुलाई कारबाही पनि हुनु पर्छ ।' उद्घाटन भएको ३ वर्ष हुँदा पनि किन सञ्चालन आएन भन्ने कुराको उठानले नै छानबीन समिति बनेर अनियमितता र कसरी सञ्चालन गर्ने कुराको विषयमा काम हुने उनले जनाए ।

सार्वजनिक लेखा समितिको सदस्य समेत रहेका लिङ्देनले भैरहवा विमानस्थलको छानवीन उपसमिति संयोजक माथि नै प्रश्न उठेपछि नयाँ संयोजकबाट काम अघि बढ्ने बताए । व्यवसायिक योजना नै नबनाई ४१ अर्बको ऋणको भार लिएर विमानस्थल बनाउनुका पछाडि कमिशन खाने र भ्रष्टाचार गर्ने योजना लुकेको आरोप लगाए । 'पैसा खानकै लागि योजना बनाएको हो यो सबैले बुझ्नुपर्छ, ठूलो योजना ल्याएपछि ठूलै कमिशन एकै चोटि खान मिल्छ, आवश्यकताभन्दा बढी खर्च गर्नुको कारण पनि खानकै लागि बनाइएको योजना हो,' उनले आरोप लगाउँदै भने-'त्यो गर्ने सबैलाई कारबाही हुनुपर्छ र विमानस्थल पूर्ण रुपमा चल्नु पर्छ ।'

दुईवटा विमानस्थलको नाममा साह्रै ठूलो अंकको भ्रष्टाचार भएको उनले बताए । पोखरा र भैरहवामा बनेको विमानस्थलको प्रारम्भिक अध्ययनले भैरहवाको सञ्चालनमा आउन सक्ने तर प्राविधिक कारणले पोखरामा व्यवसायिक उडानको धेरै कम सम्भावना समेत रहेको उनले औंल्याए ।

विमानस्थल बनाउनुभन्दा अगाडि नै सिमासँग नजिक भएकोले भारतसंग एअर रुटको स्वीकृत लिएर बनाउनु पर्नेमा कमि कमजोरि भएको उनको भनाइ छ ।

चौतर्फ दबाब दिएर एयरपोंट सञ्चालनमा आए पनि वैदेशिक रोजगारमा जानेले मात्रै यो विमानस्थल नचल्ने भन्दै उनले बौद्ध धर्मावलम्बी देशबाट ठूलो संख्यामा पर्यटक भित्राउने योजना बनाउनुपर्ने औंल्याए । लिङ्देनले निजी क्षेत्र सबल भएमात्र अर्थतन्त्र सुदृढ हुने बताए ।

उद्योग-व्यवसाय मैत्री वातावरण नभएको, उद्योग-व्यवसाय दर्ता गर्न कमिशन दिनुपर्ने, शेयर दिनुपर्ने र कर तिर्न पनि घुस दिनुपर्ने अवस्था रहेको बताउँदै उनले निजी क्षेत्रलाई मजबुद नबनाए सम्म देश बलियो नहुने बताए ।

उद्योगी व्यवसायीलाई सरकारले अभिभावकत्व दिन सक्नुपर्ने उनले बताए अहिलेको व्यवस्था र प्रणालीमा परिवर्तन नगरेसम्म अवस्थामा सुधार हुने कम सम्भवना रहेको उनले बताए ।




## सम्पादकीय

# शालिग्राम महोत्सवको सन्देश

कालीगण्डकी नदीमा मात्रै पाइने शालिग्रामको बारेमा प्रचारप्रसार गरी धार्मिक र पर्यटकीय प्रवर्धन गर्न रूरू क्षेत्रको रिडीमा शालिग्राम महोत्सव आयोजना हुनु सकारात्मक छ । शालिग्राम हिन्दु समुदायले पुज्ने प्रचलन छ। हिन्दु धर्मावलम्बीलाई कालीगण्डकी र रिडीमा आकर्षित गर्न शालिग्राम महोत्सव गरेर लुम्बिनी प्रदेश सरकारले धार्मिक पर्यटन प्रवर्धनको पहलकदमी लिएको छ।

गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको संगममा रहेको रूरूक्षेत्र हिन्दू धार्मिक ग्रन्थ बराह पुराणमा यस स्थानको पौराणिक इतिहासका बारेमा उल्लेख छ। नेपालमा रहेका हिन्दू धर्मावलम्बीहरूको चार वटा धार्मिक क्षेत्रहरूमध्ये रुरुक्षेत्र एक हो । अरु तीन बराह क्षेत्र, पशुपति क्षेत्र र मुक्ति क्षेत्र हुन् । नेपालका चार क्षेत्रमध्ये एक रूरू क्षेत्र पुग्दा शालिग्राम देख्न र पूजा गर्न समेत पाइने भएकोले यसको महत्व धेरै रहेको छ। शालिग्राम भगवान विष्णुको साक्षात प्रतीक मानिने भएकाले यसको पूजा विशेष रूपमा वैष्णव परम्परामा गरिन्छ । शालिग्राम बिना तुलसी विवाह, विष्णु पूजा, लक्ष्मी पूजा, र पितृकार्य अपूर्ण मानिन्छ। हिन्दू समाजमा शालिग्रामलाई घरमा राखेर दैनिक पूजा गर्ने चलन छ। यसको उपस्थितिले घरमा सकारात्मक ऊर्जा, समृद्धि र शान्ति ल्याउने विश्वास छ। धार्मिक दृष्टिकोणले शालिग्राम कुनै मूर्ति होइन, साक्षात शालिग्रामशिला हो। जसलाई बिना प्राणप्रतिष्ठा पनि पूज्न सकिन्छ।

महोत्सवमा १ हजार ८ शालिग्रामको पूजन, बिक्री वितरण, ऋषिकेशवको रथयात्रा, झाँकी र्‍यालीलगायत भजनकिर्तन, कालीगण्डकीमा सन्ध्याकालीन आरती गर्ने कार्यक्रम भए । लुम्बिनी प्रदेश सरकार स्थापना पछि रूरू क्षेत्रको प्रचार प्रसार र पूर्वाधार विकासलाई प्राथमिकता दिइएको छ । बृहत रूरू क्षेत्र गुरुयोजना तयार गरेर पूर्वाधार विकासको काम अघि बढाइएको छ । यद्यपी रूरू क्षेत्र गुरुयोजनाको काम अपेक्षित रुपमा अघि बढेको छैन। पर्याप्त बजेटको अभावमा काम सुस्त छ।

रूरू क्षेत्रको धार्मिक तथा साँस्कृतिक महत्व भएकाले भारतसहित नेपालका विभिन्न स्थानबाट दर्शनार्थी यहाँ आउँछन्। अहिलेको संख्यालाई अझैं बढाउन सकिन्छ। सोह्रौ शताब्दीका पाल्पाका राजा मणिमुकुन्द सेनले कालीगण्डकीमा स्नान गर्दा भगवान ऋषिकेशवको मूर्ति फेला परेको र सोही मूर्तिलाई प्रतिस्थापन गरेको भन्ने भनाइ छ। यहाँ नुहाएर ऋषिकेशवको दर्शन गर्दा पून्य प्राप्त हुने विश्वास छ। हिन्दु समुदायमा कालीगण्डकी, शालिग्राम र ऋषिकेशवको महत्वका बारेमा प्रचार अझैं बढाउन आवश्यक छ। शालिग्राम महोत्सव प्रचारको एउटा कडी हो।

अब रिडीमा शालिग्राम संग्रहालय बनाउनुपर्छ। जहाँ विभिन्न स्वरुपमा शालिग्राम देख्न पाइयोस् । ऐतिहासिक र साँस्कृतिक दृष्टिले महत्वपूर्ण रिडीमा भारतीय हिन्दु श्रद्धालुको आगमन बढाउन सके आर्थिक रुपमा पनि हामीले फाइदा लिनसक्छौं । त्यसका लागि गुरुयोजनाअनुसारको काम हुनुपर्छ । निरन्तर प्रचारप्रसार हुनुपर्छ। अहिले गरेको शालिग्राम महोत्सवले धेरै सिकाइ भएको हुनुपर्छ। यही सिकाइबाट फराकिलो बाटो बनाउँदै अघि बढ्नुपर्छ।

# भारत–पाकिस्तान द्वन्द्व र नेपाली मिडिया



डा.मधुसुधन न्यौपाने



भारत र पाकिस्तानबिचको जारी द्वन्द्व फेरि एक पटक हिंसामा परिणत भएको कारण आणविक शस्त्रअस्त्र सम्पन्न मुलुकबिचको युद्धको स्थितिले हाल दक्षिण एसियाभरि चिन्ता बढाएको छ । दुई आणविक शक्ति सम्पन्न मुलुकको मुख्य विवादको केन्द्र भनेकै भारत नियन्त्रित कश्मीर र पाकिस्तान नियन्त्रित कश्मीरका सम्बन्धमा भएको विवाद ७८ वर्षदेखि जस्ताको तस्तै छ। यी मुलुकबिच सन् १९४७ मा बेलायती उपनिवेशबाट स्वतन्त्र भएपश्चात् हालसम्म कश्मीरको विषयलाई लिएर चार वटा प्रमुख युद्ध भइसकेको छ। जसमा बेलायती उपनिवेशबाट मुक्त भएपछि सन् १९४७ देखि सन् १९४८ सम्म एक वर्ष युद्ध भएको थियो।

सन् १९४७ मा स्वतन्त्र भएदेखि भारत र पाकिस्तानले चार ठुला युद्ध लडेका छन्, जसमध्ये तीन प्रत्यक्ष रूपमा कश्मीर मुद्दासँग सम्बन्धित थिए। यी मुलुकहरूका बिच पहिलो कश्मीर युद्ध (सन् १९४७-१९४८) को रूपमा पनि चिनिन्छ, जुन युद्ध पाकिस्तानी आदिवासी मिलिसिया र पछि पाकिस्तानी सेना जम्मू कश्मीरमा प्रवेश गरेपछि सुरु भयो । कश्मीरमा आदिवासी लडाकुलाई सहयोग गर्दै पाकिस्तानी सेनाले आफ्नो अतिक्रमण सुरु गरेपश्चात् स्वतन्त्र देश कश्मिरका अन्तिम राजा हरि सिंहले सन् १९४७ मा 'कश्मीरलाई भारतमा गाभ्ने आधिकारिक दस्ताबेज' मा हस्ताक्षर गरेपछि त्यहाँ भारतले औपचारिक रूपमा हस्तक्षेप गरेको थियो।

एक वर्षसम्म चलेको सो युद्ध संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा युद्धविरामको साथ समाप्त भयो, फलस्वरूप पाकिस्तानी सेनाले आफ्नो नियन्त्रणमा लिएको भूभाग र भारत अधीनस्त कश्मीरको बिच नियन्त्रण रेखा (एलओसी) स्थापना भयो जसले कश्मीरलाई पूर्ण रूपमा विभाजित गरी छोड्यो । त्यसपछि यी राष्ट्रहरूका बिच सन् १९६५, सन् १९७१ र सन् १९९९ मा पनि कश्मीरकै विषयमा युद्ध भयो, जसमा सन् १९७१ मा पूर्वी पाकिस्तान टुक्रिएर बङ्गलादेशको स्थापना भयो, जसलाई भारतले आफ्नो जितको रूपमा लियो पनि। दोस्रो युद्ध (सन् १९६५) को युद्ध पूर्णरूपमा कश्मीरमा भयो । पाकिस्तानले भारत प्रशासित कश्मीरमा सेना घुसपैठ गरी अपरेसन जिब्राल्टर सुरु गर्‍यो। जसमा भारतले पूर्णस्तरको आक्रमणको साथ बदला लियो। सोभियत सङ्घले मध्यस्थता गरेको तास्कन्द सम्झौतासँगै युद्ध गतिरोधमा समाप्त भयो । त्यसै गरी सन् १९७१ मा पूर्वी पाकिस्तान (अहिले बङ्गलादेश) लाई टुक्राउने गरी भएको तेस्रो युद्धमा भारतको निर्णायक भूमिका देखियो जसमा कश्मीर दोस्रो मोर्चा थियो। त्यसैगरी सन् १९९९ मा भएको कारगिल युद्ध कश्मीरको कारगिल क्षेत्रमा सीमित थियो। पाकिस्तानी सैनिक र पृथकतावादीको समूहहरूले कश्मीरको नियन्त्रण रेखाभित्रको भारतीय स्थानहरूमा घुसपैठ गरे। भारतले उनीहरूलाई पछाडि धकेल्न अपरेसन विजय सुरु गर्‍यो। यो युद्ध पनि अन्तर्राष्ट्रिय दबाबसँगै समाप्त भयो।

**क्षेत्रीय शान्तिमा पार्ने प्रभाव**

७८ वर्षदेखिको विवाद भएको कश्मीरमा भारत र पाकिस्तानको शत्रुताको लामो इतिहास भएको हुँदा हालको द्वन्द्वले दुई देशबिच मात्र नभई वरपरको क्षेत्रमा पनि तनाव बढाएको छ। यो भड्किलोपनमा सीमा झडप, सैन्य अपरेसन र बढ्दो बयानबाजी समावेश छ, जसमा विश्वव्यापी शक्तिहरूले परिस्थितिलाई नजिकबाट निगरानी गरिरहेका छन् । अन्तर्राष्ट्रिय समुदायले तनाव कम गर्न आह्वान गर्दा दुई विशाल आर्थिक र सैनिक शक्तिहरू भारत र चीनबिच रहेको भूपरिवेष्टित राष्ट्र नेपालले आफ्नै रणनीतिक दुविधाको सामना गरिरहेको छ। यद्यपि नेपाल भारत र पाकिस्तान द्वन्द्वमा प्रत्यक्ष रूपमा संलग्न छैन र हुनु पनि हुँदैन। यो युद्धले नेपालमा हुन सक्ने सम्भावित आर्थिक अवरोधहरू, शरणार्थीहरूको आगमन, सुरक्षा र कूटनीतिक सन्तुलनका सम्भावित चुनौती छन्, जसलाई नेपालले सम्बोधन गर्न तयार हुनु पर्छ आफ्नो रणनीति बनाउनु जरुरी छ।

**नेपालको तटस्थता**

नेपालको पहिलो र प्रमुख रणनीति र चुनौती भनेको तटस्थता कायम राख्नु हो। ऐतिहासिक रूपमा नेपालले क्षेत्रीय विवादमा अल्झनबाट बच्न असंलग्न विदेश नीति अपनाएको छ। भारत वा पाकिस्तान दुवैलाई शत्रुतापूर्ण बनाउनबाट जोगिन यो अडानलाई कूटनीतिक रूपमा बलियो बनाउनु आजको आवश्यकता हो । नेपाल सरकारको सार्वजनिक र निजी सञ्चार माध्यमले यो अडानलाई स्पष्ट रूपमा प्रतिविम्बित गर्नु पर्छ, संवादमार्फत शान्तिपूर्ण समाधानको वकालत गर्दै जानु पर्छ तर सरकार र प्रमुख राजनीतिक दलका नेताहरूले समय समयमा विवेक गुमाउँदै सार्वजनिक, प्रशासनिक र कूटनीतिक तवरबाट दिने अभिव्यक्तिले नेपाललाई पञ्चशीलको नीति र असंलग्न परराष्ट्र नीति कायम राख्नै मुस्किल छ, जसले क्षेत्रीय शान्ति, राष्ट्रिय सुरक्षा र नागरिक दायित्वमा प्रभाव पारिरहेको छ।

**आर्थिक अस्थिरताको सम्भावना**

भारत र पाकिस्तानबिचको यो युद्ध लम्बिएमा यसबाट नेपालमा उब्जने सम्भावित चुनौती आर्थिक अस्थिरता हुन सक्छ, किनकि नेपाल पूर्ण रूपमा भारतबाट हुने आयातमा निर्भर छ। इन्धन, खाद्य आपूर्ति र औषधी जस्ता नेपालीको न्यूनतम आवश्यकतासमेतमा अवरोधको जोखिम हुन सक्छ। त्यसैले नेपालले आफ्नो आपूर्ति शृंखला विविधीकरणलाई प्राथमिकता दिनु पर्छ । चीन हुँदै वैकल्पिक व्यापार मार्गहरू स्थापना गर्न र आवश्यक वस्तुहरूको भण्डार बढाउनाले आपत्कालीन अवस्थामा एकल छिमेकीमाथिको पर निर्भरता कम गर्न मद्दत गर्न सक्छ।

**शरणार्थी संकटको सामना**

यी दुई मुलुकका बिच शरणार्थी सङ्कटको सम्भावनालाई पनि बेवास्ता गर्न सकिँदैन । यदि द्वन्द्व विस्तार भयो वा नेपालको सीमा नजिकका क्षेत्रहरूमा नागरिक विस्थापनको परिणाम भयो भने हामीलाई शरणार्थीहरूको आगमन थेग्नै मुस्किल पर्न सक्छ। जसका लागि पूर्वतयारीका साथ नेपाल सरकारले आफ्नो सीमा सुरक्षा र मानवीय स्रोतहरू तयार पार्नु आवश्यक छ। साथै आन्तरिक स्थिरता वा अन्तर्राष्ट्रिय दायित्वसँग सम्झौता नगरी यस्तो अवस्था व्यवस्थापन गर्न सक्षम हुनु आवश्यक छ।

**सीमा क्षेत्रको निगरानी**

नेपालले सीमा क्षेत्रमा हुन सक्ने सम्भावित गतिविधिमा पूर्ण रूपमा निगरानी र नियन्त्रण गर्नु आवश्यक छ। नेपाल भारत संयुक्त सुरक्षा गस्ती र कारबाही बढाउनु आवश्यक छ। नेपालले सम्भावित सीमापारबाट हुने विद्रोही गतिविधि वा शत्रुतापूर्ण उद्देश्यका लागि आफ्नो क्षेत्रको प्रयोगविरुद्ध सतर्क रहनु पर्छ। सीमा गस्तीलाई बलियो बनाउनु, छिमेकी देशसँग गुप्तचर सहयोग बढाउनु र राष्ट्रिय सुरक्षा संयन्त्रहरू स्तरोन्नति गर्नु आदि नेपालले चाल्नुपर्ने महत्वपूर्ण रोकथामका कदम हुन्। विचार बदलिन सक्छ, सामाजिक मान्यता भताभुङ्ग हुन सक्छ, आन्तरिक द्वन्द्व साम्य हुन सक्छ तर छिमेकी कहिले पनि बदल्न सकिँदैन, देशको अस्तित्व रहेसम्म छिमेकीका आन्तरिक सुरक्षा र चासोलाई पनि ध्यान दिई नेपालले भारत सरकारसँग बारम्बार अन्तर्क्रिया गर्नु आवश्यक छ। यसका लागि हाम्रो आन्तरिक एकता जरुरी छ। आन्तरिक राजनीतिक एकताले सुसङ्गत राष्ट्रिय प्रतिक्रिया सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने छ।

कूटनीतिक रूपमा नेपालले सक्रिय क्षेत्रीय कूटनीतिमा संलग्नता देखाउनु जरुरी छ । यसले शान्तिपूर्ण र तटस्थ देशको रूपमा आफ्नो स्थिति प्रयोग गरेर सार्क जस्ता प्लेटफर्ममार्फत भारत र पाकिस्तानबिच वार्ताको लागि आह्वान गर्न सक्छ। सार्कको अध्यक्षका हैसियतले नेपालले भारत-पाकिस्तान तनावका कारण सार्क धेरै हदसम्म निष्क्रिय भए पनि सदस्यको रूपमा नेपालले क्षेत्रीय शान्ति र सहयोगका प्रयासहरूलाई पुनर्जीवित गर्न जरुरी छ । यसबाहेक द्वन्द्वको समयमा सजिलै फैलिन सक्ने गलत सूचना र अफवाहहरूको प्रभावकारी रूपमा प्रतिरोध गर्न नेपालले सार्वजनिक सञ्चार रणनीतिमा लगानी गर्नु पर्छ। मानवीय र लजिस्टिक सहयोग सुरक्षित गर्न नेपालले संयुक्त राष्ट्रसङ्घ र आसियान जस्ता अन्तर्राष्ट्रिय संस्थासँग नजिकबाट काम गर्नु पर्छ। यी निकायसँगको रणनीतिक सहकार्यले नेपालको तयारी बढाउन सक्छ र शान्ति र क्षेत्रीय स्थिरताप्रतिको आफ्नो प्रतिबद्धता प्रदर्शन गर्न बल मिल्छ।

**नेपाली मिडियाको भूमिका**

चलिरहेको भारत-पाकिस्तान युद्ध जस्ता क्षेत्रीय द्वन्द्वको समयमा राष्ट्रिय स्थिरता र जनविश्वासको रक्षा गर्न नेपाली मिडियाको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। मिथ्या सूचना र गलत समाचार सामाजिक सञ्जाल, सन्देश प्लेटफर्महरू र समाचार आउटलेटमार्फत् पनि द्रुत रूपमा फैलिन सक्छ, जसले जनतामा डर, भ्रम र अनावश्यक आतङ्क सिर्जना गर्छ। यसको प्रतिरोध गर्न नेपालका सम्पूर्ण आमसञ्चार माध्यमले सक्रिय, जिम्मेवार र रणनीतिक भूमिका खेल्नु पर्छ। हामीले प्रवाह गरेको समाचारले सिमा क्षेत्रमा बसोबास गर्ने जनताको मनोबल बढाउने प्रयास गर्नु आवश्यक छ।

तथ्यपरक समाचार र जानकारीको प्रत्यक्ष जाँच गरी प्रमाणित समाचार रिपोर्टिङ नै युद्धसँग सम्बन्धित सूचना प्रवाहको आधारशिला हुनु पर्छ । मिडिया हाउसले द्वन्द्वको बारेमा सबै समाचार प्रकाशित गर्नुअघि विश्वसनीय, प्रमाणित स्रोतबाट पुष्टि गरी सुनिश्चित गर्नु पर्छ। आन्तरिक तथ्य-जाँच गर्नाले अफवाहहरूको फैलावट रोक्न मद्दत मिल्छ। मिडियाले सरकार र जनताबिच पुलको रूपमा काम गर्नु पर्छ । आधिकारिक कथनहरू, सुरक्षा गतिविधि सही तरिकाले प्रकाशन र प्रसारण गर्नु पर्छ। यसले अनुमानका लागि ठाउँ कम गर्छ र पारदर्शितालाई बढावा दिन्छ। साथै, नेपाली मिडियाले जनतालाई मिथ्या सूचना पहिचान, आलोचनात्मक सोच र डिजिटल साक्षरतालाई प्रोत्साहन गर्ने बारे सुसूचित गर्नु पर्छ। स्रोतहरू कसरी प्रमाणित गर्ने, नक्कली शीर्षकहरू कसरी पत्ता लगाउने र अप्रमाणित सामग्री कसरी साझा गर्ने भन्ने विषयमा रणनीति बनाउनु आवश्यक छ।

मिडिया आउटलेटहरूले द्वन्द्वसँग सम्बन्धित हानिकारक वा झुटा सामग्री रिपोर्ट गर्न र फ्ल्याग गर्न सामाजिक सञ्जाल कम्पनीसँग काम गर्नु पर्छ । यसबाहेक द्वन्द्वलाई कम गर्न शान्तिमुखी पत्रकारिताको प्रवर्धन आवश्यक छ । युद्धको बयानबाजी वा सनसनीपूर्ण कथाहरूलाई बढावा दिनुको सट्टा, नेपाली मिडियाले कूटनीति, द्वन्द्व समाधान र नेपालको राष्ट्रिय हितका लागि तटस्थताको महत्वलाई जोड दिने गरी रिपोर्टिङमा ध्यान केन्द्रित गर्नु पर्छ। पत्रकारिता पेसामा नैतिकता र जवाफदेहितालाई कडाइका साथ पालना गर्नु पर्छ प्रत्येक पत्रकारको कर्तव्य हो। भड्काउने रिपोर्टिङ, पक्षपाती व्याख्या वा साम्प्रदायिक वा सीमापार तनाव भड्काउन सक्ने सामग्रीलाई कुनै पनि हालतमा रोक्नु पर्छ। सङ्क्षेपमा, क्षेत्रीय द्वन्द्वको समयमा गलत सूचनासँग लड्दै शान्ति, स्पष्टता र राष्ट्रिय एकता कायम राख्न नेपाली मिडियाको महत्वपूर्ण भूमिका छ।

**निष्कर्ष**

हालको भारत पाकिस्तान युद्धले क्षेत्रीय अस्थिरता बढाएको छ र नेपाल प्रत्यक्ष रूपमा संलग्न नभए पनि अप्रत्यक्ष जोखिमको सामना गरिरहेको नेपालले सम्भावित आर्थिक, सुरक्षा र मानवीय प्रभावलाई सम्बोधन गर्न परराष्ट्र नीतिलाई तटस्थता बनाउनु जरुरी छ। समग्रमा सङ्कटको समयमा राष्ट्रिय हितको रक्षा गर्न सक्रिय र सन्तुलित रणनीति आवश्यक छ। भारत र पाकिस्तान युद्धको नेपाल प्रत्यक्ष पक्ष नभए पनि यसले सामाजिक अशान्ति र क्षेत्रीय विकासको समयमा राष्ट्रिय हितको रक्षा गर्न र यसको सिमानाभित्र शान्ति कायम राख्न तटस्थता, तयारी, कूटनीति र सुरक्षा सतर्कता समावेश गर्ने व्यापक रणनीति तयार पार्नु आवश्यक छ।

गोपबाट

# के पेट र दिमागको सम्बन्ध टुट्दा डिप्रेसन हुन्छ ?

हाम्रो आन्द्रामा १० करोडभन्दा बढी स्नायु कोशिकाहरू हुन्छन्, जसले शरीरको ९५ प्रतिशत सेरोटोनिन उत्पादन गर्छ। सेरोटोनिन यस्तो रसायन हो जुन हाम्रो मुड र खुसीसँग सम्बन्धित हुन्छ। पछिल्ला अनुसन्धानहरूले देखाएका छन्, हाम्रो आन्द्रामा रहेका माइक्रोबायोटा अर्थात् खर्बौं ब्याक्टेरिया, भाइरस, ढुसी तथा अन्य सूक्ष्म जीवहरू हाम्रो शरीर र मस्तिष्कको स्वास्थ्यका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छन्। यसबाट स्पष्ट हुन्छ कि हाम्रो आन्द्रा र मस्तिष्क एक-अर्कासँग जोडिएका छन् र एक-अर्कालाई प्रभाव पार्छन्।

सायद तपाईंले कुनै महत्त्वपूर्ण भेटघाट अगाडि चिन्ता वा बान्ता हुने अनुभूति गर्नुभएको छ, वा कब्जियत हुँदा झर्को लाग्ने महसुस गर्नुभएको छ होला। यी सबै लक्षणहरू आन्द्रा र मस्तिष्कको सम्बन्धकै असर हुन्। तर प्रश्न यो उठ्छ कि आन्द्रा र मस्तिष्कको यो सम्बन्ध कसरी बन्ने गर्छ ? के यस सम्बन्धलाई अझ सुदृढ बनाएर हामी स्वस्थ र सुखी जीवन बाँच्न सक्छौं ?

**के झर्कोफर्कोले तनाव बढाउँछ ?**

पेट रोग विशेषज्ञ तथा बेलायतस्थित बाउल रिसर्चकी शोधकर्ता डा. सलिहा महमूद अहमदका अनुसार मस्तिष्क र आन्द्रा तीन तरिकाबाट एक-अर्कासँग जोडिएका हुन्छन् । पहिलो- भेगस नर्भ, जुन स्नायुतन्त्रको एक अत्यन्तै महत्त्वपूर्ण संरचना हो। यो स्नायुले मस्तिष्कलाई मुटु र आन्द्राजस्ता प्रमुख अंगहरूसँग सिधै जोड्दछ। दोस्रो- हर्मोनको माध्यमबाट मस्तिष्क र आन्द्राबीचको सम्बन्ध । र, तेस्रो- रोग प्रतिरोधी प्रणाली । डा. अहमद भन्छिन्- 'धेरैजसो मानिसहरूलाई शरीरको प्रतिरक्षा प्रणाली कोशिका (इम्यून सेल्स) केवल रगत वा लिम्फ नोड्समा मात्र सक्रिय हुन्छ भन्ने लाग्नसक्छ । तर वास्तवमा यसको ठूलो हिस्सा आन्द्रामा सक्रिय हुन्छ। यसले मस्तिष्क र सम्पूर्ण शरीरलाई जोड्ने महत्त्वपूर्ण भूमिका खेल्दछ। अमेरिकास्थित मेयो क्लिनिकका पेट रोग विशेषज्ञ डा. पंकज जे. पसरिचाका अनुसार मस्तिष्क र आन्द्राबीच यस्तो सम्बन्ध हुनुको कारक तत्व चाहीँ मस्तिष्कलाई कार्य गर्न अत्यधिक ऊर्जा आवश्यक पर्नु हो।

वास्तवमा आन्द्रा हाम्रो शरीरलाई ऊर्जा उपलब्ध गराउने 'पावरहाउस' हो। उनी भन्छन्-'मस्तिष्क शरीरको कुल तौलको करिब दुई प्रतिशत मात्र हो, तर यसले शरीरको कुल ऊर्जाको २० प्रतिशत प्रयोग गर्छ।' मस्तिष्कले आन्द्रालाई असर गर्छ, तर आन्द्राले पनि मस्तिष्कलाई असर गर्छ। यसलाई तपाईं आफ्नो दैनिक जीवनका थुप्रै घटनाहरूबाट बुझ्न सक्नुहुन्छ। जब हामी कुनै खतरा महसुस गर्छौं वा अफिसमा कुनै महत्त्वपूर्ण मिटिङ जस्ता घटनाहरूमा सहभागी हुन्छौं, तब हाम्रो पहिलो शारीरिक प्रतिक्रिया आन्द्राबाट देखिन्छ। जस्तै वाकवाकी लाग्नु, पेट दुख्नु वा कहिलेकाहीं पातलो दिसा हुनु। जब हामी कसैलाई प्रेम गर्छौं, त्यतिबेला पनि 'पेटमा काउकुती' महसुस हुन्छ। यो भावनात्मक प्रतिक्रिया हो, जुन हामीले आफूले मन पराएको व्यक्तिको उपस्थितिमा अनुभव गर्छौं। त्यसैगरी, यदि तपाईंलाई कब्जियत भएको छ र दिसा गर्न सक्नु भएको छैन भने, त्यसले तपाईंमा झर्कालुपन र तनाव पैदा गर्न सक्छ।

**हाम्रो पेटभित्र हुन्छ एउटा पूरै संसार**

हाम्रो आन्द्रामा १० खरबभन्दा बढी सुक्ष्मजीव कोशिका हुन्छन्, जसमा ब्याक्टेरिया, भाइरस, ढुसी, प्रोटोजोआ र अन्य सूक्ष्म जीवहरू समावेश छन्। यो संख्या मानव शरीरमा पाइने कूल कोशिकाहरुको संख्याभन्दा पनि बढी हुन्छ । गत दुई दशकमा हाम्रो पेटमा हुने यस्ता सुक्ष्म जीवले हाम्रो स्वास्थ्यमा पार्ने प्रभावका बारेको ज्ञानमा उल्लेखनीय रूपमा वृद्धि भएको छ । डा. अहमदका अनुसार वैज्ञानिकहरूले विकास गरेका नयाँ उपकरण र परीक्षणहरूले आन्द्रामा बसोबास गर्ने सूक्ष्म जीवहरूबारे बुझ्न धेरै सहयोग पुर्‍याएका छन्।

सन् २०११ मा डा. पसरिचाले मुसामा गरेको एक अनुसन्धानले देखाएको थियो कि ग्यास्ट्रिक इरिटेशन (पेटको जलन) ले 'दीर्घकालीन डिप्रेसन र चिन्ताजस्ता व्यवहारसम्बन्धी समस्याहरू' उत्पन्न गराउन सक्छ । अन्य अनुसन्धानहरूले देखाएका छन् कि डिस्बायोसिस (अर्थात् आन्द्राको माइक्रोबायोटा असन्तुलन) ले मोटोपन, मुटु सम्बन्धी रोगहरू क्यान्सर समेतको जोखिम बढाउँछ।

**राम्रो माइक्रोबायोटाका लागि स्वस्थ आहार**

हालै आन्द्रा-दिमागको सम्बन्ध र माइक्रोबायोटा सम्बन्धी भएका नयाँ अनुसन्धानहरूबाट एउटा प्रश्न उब्जिएको छ- के हाम्रो पेटमा बसोबास गर्ने सूक्ष्म जीवहरूको 'पूर्ण सन्तुलन' सम्भव छ ? डा. अहमदका अनुसार, यसको उत्तर दिन सजिलो छैन। किनभने हरेक व्यक्तिको शरीरमा हुने ब्याक्टेरिया, भाइरस र अन्य सूक्ष्म जीवहरूको संरचना फरक-फरक हुन्छ।

विज्ञहरूका अनुसार केही सामान्य उपायहरू छन् जो हाम्रो आन्द्राको स्वास्थ्यका लागि लाभदायक मानिन्छन्। यसका लागि सन्तुलित र विविध प्रकारको भोजन एउटा राम्रो सुरुआत हुन सक्छ। यसका लागि प्रोबायोटिक राम्रो विकल्प हो। प्रोबायोटिक भनेको त्यस्तो खाना हो जुन पाचन प्रणालीका लागि उपयोगी हुन्छ । प्रोबायोटिक खानेकुराको सबैभन्दा राम्रो उदाहरण हो- दही। साथै, फलफूल र तरकारी पनि राम्रो विकल्प हुन्। विज्ञका अनुसार भोजनमा विविधता अत्यन्तै आवश्यक छ। र, यसमा विशेष गरेर बोटबिरुवाबाट प्राप्त हुने खाद्य पदार्थहरू महत्त्वपूर्ण हुन्छन् । हरेक व्यक्तिले आफ्नो आहारमा फलफूल, तरकारी, अन्न र दालजस्ता कुराहरूको मात्रा हरेक दिन ध्यानपूर्वक मिलाउनुपर्छ।

डा. अहमदका अनुसार जो मानिसहरू हप्तामा औसत ३० किसिमका बोटबिरुवामा आधारित खाद्य पदार्थ खान्छन्, उनीहरूको शरीरमा माइक्रोबायोम बढी स्वस्थ हुन्छ। के आहारमा परिवर्तनले भावना र मनोदशालाई असर पार्न सक्छ ? के यसले डिप्रेशनजस्ता समस्यामा सहयोग पुर्‍याउन सक्छ ? यस विषयमा अक्सफोर्ड विश्वविद्यालयले एउटा अध्ययन गरेको थियो । विशेषज्ञहरूले डिप्रेशनबाट पीडित ७१ जना स्वयंसेवकहरूलाई दुई समूहमा बाँडे। पहिलो समूहलाई चार हप्तासम्म प्रोबायोटिक आहार दिइयो। दोस्रो समूहलाई प्लेसिबो (नक्कली औषधि) दिइयो।

यो अध्ययन यस्तो प्रकारको थिया, जहाँ कसलाई के दिइएको हो भन्ने कुरा न त वैज्ञानिकलाई थाहा थियो, न स्वयंसेवकलाई नै। यस अध्ययनमा मनोवृत्ति, चिन्ता, निद्रा र थुकमा पाइने कोर्टिसोल (तनावसँग सम्बन्धित हर्मोन) जस्ता चिजहरूको परीक्षण गरियो। यो अध्ययन पोर्चुगलको युनिभर्सिटी इन्स्टिच्युट अफ लिस्बनको स्कूल अफ सोशल साइन्सेसमा सहायक प्राध्यापक रिटा बायाओको नेतृत्वमा गरिएको थियो। उनका अनुसार डिप्रेशनबाट पीडित मानिसहरू सामान्यतः तटस्थ वा सकारात्मक संकेतको सट्टा नकारात्मक संकेत र अनुहारका भावहरूमा बढी ध्यान दिन्छन्।

उनी भन्छिन्-'हामी बुझ्न चाहन्थ्यौं कि के प्रोबायोटिक सेवनले मस्तिष्कमा भावनात्मक सूचनाको प्रक्रियामा असर पार्न सक्छ ? प्रोबायोटिक समूहमा हामीले देख्यौं कि अनुहारका भावहरू र अन्य संकेतहरूको पहिचान गर्ने क्रममा उनीहरूको नकारात्मक संकेततर्फको झुकाव कम थियो।' उनका अनुसार प्रोबायोटिक्सले डिप्रेशनसँग सम्बन्धित केही लक्षणहरू कम गर्न सक्ने सम्भावना देखिन्छ, तर यसमा अझ गहिरो अनुसन्धान आवश्यक छ। बीबीसी

# पहिलेको चरिचरन, अहिलेको पर्यटकीय गन्तव्य



बागलुङ । एक दशकअघिसम्म हाँडिकोटको महत्त्व पशु चरिचरनका लैजाने स्थानीयले मात्र चिन्दथे । पशुचौयाया चराउने र घाँस दाउरा लिन पुग्ने हाँडिकोटमा अहिले पर्यटकीय गन्तव्य बन्दै गएको छ ।

घना जङ्गलको बीचमा रहेको अग्लो पहाड हाँडिकोट टापु एकाएक चर्चामा आउन थालेपछि पदयात्रामा आउनेका लागि उपयुक्त गन्तव्य बन्न थालेको हो । समुद्री सतहदेखि दुई हजार एक सय ९५ मिटर उचाइमा रहेको हाँडिकोट जैमिनी क्षेत्रकै अग्लो पहाडमा अहिले गोठाला जान छोडे तर आन्तरिक पर्यटक पुग्न थालेका छन् । हाँडिकोट पुग्नका लागि डाँडाखानी र ब्याडथलाबाट दुवैतर्फबाट पदमार्ग निर्माण भएपछि पदयात्रामार्फत त्यहाँ पुग्ने पर्यटकहरू आकर्षीत भएका हुन् ।

डाँडाखानीबाट झण्डै चार किमी पदमार्ग र ब्याडथलाबाट तीन किलोमिटर परम्परागत पदमार्ग निर्माणपछि त्यहाँ पुग्ने पर्यटकलाई सहज भएको छ । पूर्वाधार र प्रचारप्रसारका कारण ऐतिहासिक तथा पशुपालन किसानको चरिचरनस्थल हाँडिकोट टापु पुग्ने आन्तरिक पर्यटकहरू बढिरहेका छन् । बागलुङको गलकोट दुदिलाभाटीबाट तस्विर कैद गर्नका लागि हाँडिकोट पुगेका राम खत्रीले यहाँबाट देखिने मनोरम दृश्यले लोभाएको बताए । डाँडाखानीबाट एक घण्टको पैदलयात्रामा हाँडिकोट पुगेका खत्री फर्कंदा ब्याडथलाको पदमार्ग प्रयोग गरेको बताउँछन् । उनले सूर्योदय हेर्न, गुराँसको वन हेर्न र दर्जनौं हिमाल हेर्नका लागि हाँडिकोट उपयुक्त गन्तव्य रहेको बताए । यहाँबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छेसँगै दर्जनौं हिमशृंखला देख्न सकिन्छ ।

"फोटो भिडियो खिच्न रूची राखेर पैदलयात्रामार्फत पर्यटकीय स्थाल पुग्ने गरेको छु, हाँडिकोड पछिल्लो समय चर्चामा आएको गन्तव्य रहेछ, पदयात्रामा रूची राख्ने र प्रकृतिसँग रमाउनेका लागि हाँडिकोट उपयुक्त गन्तव्य लाग्यो, बिहानै आउने पर्यटकका लागि सूर्योदयले मनै लोभ्याउनछ, कोलाहलपूर्ण वातावरणबाट अलग्गै बस्नका लागि हाँडिकोट पृथक गन्तव्य रहेछ", खत्रीले भने-"यहाँबाट देखिने जैमिनीका अधिकांश गाउँ, हिमालहरूले मनै लोभ्यायो, पहिलाको पशु चरिचरन अहिले पर्यटकीयस्थल भएछ ।"

हाँडिकोट पुग्नका लागि पछिल्लो समय सडक मार्ग पुऱ्याइएको छ । जैमिनी नगरपालिकाले नगरको पर्यटकीय गन्तव्यमा जैमिनी धामपछि हाँडीकोट टापुलाई लिएर पूर्वाधार निर्माणमा तीव्रता दिएको जनाएको छ ।

धार्मिक तथा ऐतिहासिक महत्त्वको रूपमा रहेको हाँडिकोटका थुप्रै विशेषता रहेका छन् । जसमध्ये सूर्योदय र सूर्यास्त पर्यटकलाई लोभ्याउने माध्यम बनेको छ । बागलुङको जैमिनी नगरपालिकामा रहेको हाँडिकोट टापुबाट देखिने मनोरम दृश्यहरू आन्तरिक पर्यटकलाई साँच्चिकै लोभ्याउने खालको छ । जैमिनी नगरपालिका-१० राङखानी, वडा नं ७ जैदी र वडा नं ८ छिस्तीको शिरमा रहेको हाँडिकोट टापु पछिल्लो बन्दोबस्तीका सामानसहित त्यही रात बिताउन जाने गरेका छन् ।

पदमार्गको पहुँच विस्तारपछि र प्रचारप्रसारका कारण हाँडिकोटमा आन्तरिक पर्यटक आउन थालेको रांखानीका स्थानीय लालबहादुर पुनले बताए । उनले बाख्राभैंसी चराउन जाने हाँडिकोटमा अहिले पर्यटक आउने गरेको बताए ।

हाँडिकोटमा पुग्ने पदमार्ग, मन्दिर, सत्तल तथा भ्यू टावरलगायत संरचनामा करिब ७५ लाख खर्च भइसकेको जैमिनी नगरपालिकाले जनाएको छ । त्यहाँ भ्यू टावरले पूर्णता र खानेपानीको बन्दोबस्त हुन बाँकी रहेको छ । हाँडिकोट टापुबाट तल बाँदलले ढाकेका पहाडहरू देख्दा हाँडिकोटले त्यहाँ पुऱ्याउने पर्यटकहरूलाई लोभ्याउने गरेको छ ।

बाइसे चौबिसे राजाका पालामा रहेको दरबारका भग्नावशेषसमेत हाँडिकोटमा पाउन सकिन्छ । समथर भुभाग, राजदरबारका भग्नावशेष, मन्दिर, कुटी, पोखरी र शीला सुसज्जित हाँडिकोट पुगेर सूर्योदय हेर्ने र तस्बिर खिचाउन बागलुङ बजार, पर्वत, म्याग्दी र पोखराबाट पर्यटकहरू आउने गरेका छन् । हाँडिकोट पुग्नलाई सडक मार्ग, दुई तर्फबाट पदमार्ग, विश्रामस्थल, सत्तल, दृश्यावलोकन स्तम्भ, शिव मन्दिर, कुटी, मञ्च, खेल मैदान, टल्कने शिला संरक्षणलगायतका थुप्रै पर्यटकीय पूर्वाधार सतिह ७५ लाखभन्दा बढी लगानी भइसकेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिए ।

हाँडिकोटको प्रचारप्रसारका लागि हाँडिकोट महोत्सव गरिँदै आएको छ । हाँडिकोटमा २०७७ साल यता पूर्वाधार निर्माणले तीव्रता पाएको हो । हाँडिकोट बाइसे चौबिसे राज्यका पालामा भुरेटाकुरे राजा रजौटाहरूले राज्य गरेको स्थान हो । भुरेटाकुरे राजारजौटाले प्रयोग गरेका जाँतो, ओखललगायत सामग्री अहिले जीवित रहेका छन् ।

हाँडिकोट टापु पुग्नका लागि सदरमुकाम बागलुङ बजारदेखि तीन घण्टाको मोटर यात्रामा व्याडथला र डाँडाखानी पुग्न सकिन्छ भने त्यहाँबाट पैदलयात्रा र सडक यात्रा दुवैमार्फत टापुमा पुगिन्छ ।

# हरेक पालिकामा फर्मासिष्टको दरबन्दी अनिवार्य गर्न माग




बुटवल । जहाँ औषधि त्यहाँ फर्मासिष्टलाई जोड दिइएको छ । नेपाल फार्मेसी संघ रुपन्देहीको शनिबार बुटवलमा सम्पन्न तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनको उद्घाटन कार्यक्रममा बोल्ने वक्ताहरुले औषधिसँग सम्बन्धित हरेक विषयबस्तुमा अनिवार्य फर्मासिष्ट हुनुपर्नेमा जोड दिएका हुन् । फर्मासिष्ट औषधिका विज्ञ पनि भएकाले हरेक पालिकामा फर्मासिष्टको दरबन्दी अनिवार्य गर्न माग गरे ।

कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले फार्मेसीका लागि फार्मेसी नै पढेको हुनुपर्ने प्रावधान विस्तारै बढ्दै गएको बताए । उनले हरेक पालिकाले कम्तिमा एकजना फर्मासिष्ट राख्नैपर्ने नीति आवश्यक रहेको बताउँदै त्यसका लागि संघले संघीय सरकारसँग पहल गर्न आग्रह गरे ।

उनले बुटवल उप-महानगरपालिकाका १९ वटा वडा मध्ये १८ वटा वडामा करारमै भए पनि फर्मासिष्ट राखिएको बताउँदै दरबन्दी नहुँदा स्वास्थ्यका क्षेत्रमा धेरै समस्या भोग्नुपरेको भनाइ राखेका थिए । उनका अनुसार स्थानीय सरकारका जनप्रतिनिधिहरुले करारमा राखिएका कर्मचारी हटाउँदा प्रतिसोध साध्यो भन्ने हुने र नहटाउँदा बेरुजु भयो भन्ने आरोपको अपजसको भारी बोक्नु परेको छ ।

उनले फार्मेसी पढेको दक्ष जनशक्तिको कमी नरहेको बताउँदै फर्मासिष्ट व्यवस्थापनका लागि एउटा विधि बनाएर औषधिको बिक्री वितरणका लागि अनिवार्य फर्मासिष्टको उपस्थिति हुनुपर्ने जनाए ।

बुटवल उप-महानगरपालिकामा पेचिलो बनेको विज्ञापन करका विषयमा आगामी वर्षदेखि त्यसमा कुनै समस्या नआउने गरी गृहकार्य गरिने उनले बताए । उनले आगामी वर्ष बुटवल उप-महानगरपालिकाले राजस्वको दर नबढाउने नीति लिएको बताउँदै विज्ञापनका दायरा विस्तार गरिने जानकारी गराए ।

कार्यक्रममा नेपाल फार्मेसी संघका केन्द्रीय अध्यक्ष किरण ढकालले औषधि पसल सञ्चालनका लागि अनिवार्य रहेको फार्मेसी लाइसेन्स अरुको लिएर पसल सञ्चालन गर्ने विकृति रहेको बताउँदै उक्त विकृति हटाउन आफूहरु प्रतिवद्ध रहेको र नियमन तथा अनुगमनको पाटोलाई पनि कडाइका लागि अगाडि बढाउन आग्रह गरेका छन् ।

त्यसैगरी फार्मेसी संघका कन्द्रीय महासचिव युवराज भुसालले औषधि हुने सबै ठाउँमा अनिवार्य फर्मासिष्ट हुनुपर्नेमा जोड दिँदै फर्मासिष्टले व्यापार व्यवसायभन्दा पनि नागरिक सेवालाई प्राथमिकता दिनुपर्ने भनाइ राखेका थिए ।

त्यस अवसरमा नेपाल फार्मेसी संघका अध्यक्ष गणेश सेढाइले सबै पालिकामा कम्तिमा एकजना फर्मासिष्ट अनिवार्य हुनुपर्नेमा जोड दिँदै त्यसका लागि संघले संघीय सरकारसँग पहल गर्नुपर्ने बताए । त्यसका लागि संघले जिल्ला शाखाहरुको समेत राय सुझाव लिएर काम गर्न उनले आग्रह गरे । उनले विना दर्ता गैरकानुनी रुपमा सञ्चालित औषधी पसल (फार्मेसी)का कारण दर्ता गरेर वैध रुपमा सञ्चालित औषधि पसलहरुमा समेत समस्या सिर्जना गरेको बताउँदै नियमन तथा अनुगमनमा जोड दिए ।

कार्यक्रममा औषधि व्यवसायी संघका पूर्वकेन्द्रीय उपाध्यक्ष सुनिल श्रेष्ठ, संघका केन्द्रीय सदस्य तथा रुपन्देहीका संस्थापक अध्यक्ष ध्रुवकुमार शर्मा, औषधि व्यवसायी संघ रुपन्देहीका उपाध्यक्ष नारायण थापा, मायादेवी टेक्निकल कलेजका प्रवन्ध निर्देशक चिरञ्जिवी जोशी, संघका लुम्बिनी प्रदेश अध्यक्ष गोविन्दप्रसाद तिवारी, कपिलवस्तु अध्यक्ष डा.बिक्रम घिमिरे, रुपन्देहीका उपाध्यक्ष चोकलाल सापकोटा, सचिव उदयबहादुर खत्रीलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

साधारणसभा तथा अधिवेशनको अवसरमा संघको संस्थागत विकासमा योगदान गरेका सल्लाहकार तथा कार्यसमितिका पदाधिकारी सदस्यहरुलाई सम्मान गरिएको थियो ।

**फार्मेसी संघ रुपन्देहीको अध्यक्षमा सापकोटा**

नेपाल फार्मेसी संघ रुपन्देहीको अध्यक्षमा चोकलाल सापकोटा निर्वाचित भएका छन् । संघको शनिबार बुटवलमा सम्पन्न तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनले सापकोटाको अध्यक्षतामा सर्वसम्मत १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

नवनिर्वाचित कार्यसमितिको उपाध्यक्ष पदमा भरत गिरी र सुशिला बञ्जाडेलाई चयन गरिएको छ । त्यसैगरी महासचिव पदमा महेश पाण्डे, कोषाध्यक्षमा पिताम्बर अधिकारी, सचिवमा सञ्जिता ढकाल र नारायण विक्रम कुवर तथा सह-कोषाध्यक्षमा रिना केसीलाई चयन गरिएको निर्वाचन समितिका संयोजक तथा संघका सल्लाहकार धर्मराज भट्टराईले जानकारी दिए ।

त्यसैगरी कार्यसमिति सदस्यहरुमा खेमराज ज्ञवाली, दिलिपकुमार जैसवाल, आशिष आचार्य, निरज गुरुङ, पवनकुमार कोहार र महफूज अहमद धुनियाँलाई चयन गरिएको छ ।

# बागलुङमा सात करोड ६६ लाखमा पुल निर्माण



ढोरपाटन । जिल्लाको बडिगाड गाउँपालिका-७ भिमगिठे र ९ को मालारानी जोड्ने गरी मोटरेवल पुल निर्माण भएको छ ।

पाँच वर्ष अगाडि निर्माण सुरु भएको उक्त पुल अघिल्लो महिनादेखि सञ्चालनमा आएको हो । पुल सञ्चालनमा आएपछि राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गदेखि मालारानीसहित राजकुट, प्यूठान र गुल्मी आउजाउ गर्न सहज भएको छ ।

विसं २०७७ कात्तिक २७ गते सडक डिभिजन कार्यालयले रु सात करोड ६६ लाखमा निर्माण कम्पनीलाई ठेक्का दिएको थियो । विसं २०७९ फागुनमा निर्माण सम्पन्न गर्नेगरी ठेक्का दिइएकामा तीन वर्षपछि मात्र निर्माण सम्पन्न भएको हो । पर्याप्त बजेट प्राप्त नहुँदा समयमै काम सम्पन्न नभएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी विष्णुप्रसाद लामिछानेले राससलाई जानकारी दिए । नवनिर्मित पुल मालारानीबाट राजकुट-हर्पे-देवीस्थान रोल्पा-रुकुम-जाजरकोट आवागमन सहज भएको छ ।

स्थानीय प्रेमबहादुर केसीले बडिगाडखोलामा पुल बनेपछि गाउँमा उत्पादन बजारीकरण गर्न सहज भएको बताए । गाउँमा धेरै किसानले फलफूल र सागसब्जी उत्पादन गरे पनि अब डोकोमा बोकेर बजार पुऱ्याउनुपर्ने बाध्यता अन्त्य भएको उनले जनाए ।

लुम्बिनी प्रदेश सरकार
सहरी विकास तथा खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाई कार्यालय, गुल्मी

सप्लाइ कार्यको सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित मिति :२०८२/०१/२८

खानेपानी तथा सरसफाई कार्यालय गुल्मीद्वारा आ.ब.२०८१/०८२मा संचालित विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरुमा तपशिलको सप्लाई कार्य खुल्ला प्रतिस्पर्दाबाट e–bidding मार्फत गराउनु पर्ने भएकाले इच्छुक रित पुगेकानेपाली उत्पादक कम्पनी, सप्लायर्स वा फर्महरूबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहने गरी छुट्टा छुटै e–bidding मार्फत www.bolpatra.gov.np/egp सिलबन्दी दरभाउपत्र आवहान गरिन्छ । सिलबन्दी दरभाउपत्र दाखिला अन्तिम मिति २०८२/०२/१२गते १२:००बजे सम्म रहनेछ । म्याद भित्र पेश भएका सिलबन्दी दरभाउपत्र मिति २०८२/०२/१२गते १२:१५ बजे खोलिनेछ । विस्तृत जानकारीका लागी उऊयको धभदकष्तभमा राखीएको सुचना हेर्नुहुन वा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

| क्र.स. | ठेक्का नं | कामको विवरण | बोलपत्र दस्तुर रु. | लागत अनुमान (भ्याट बाहेक) रु. | जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १ | WSSDO/Gulmi/ SQ/G/081-82/14 | HDPE Pipe सप्लाइ कार्य | १०००.०० | १३,४६,६०३.९६ | ३८,५००.०० | |
| २ | WSSDO/Gulmi/ SQ/G/081-82/15 | HDPE Pipe सप्लाइ कार्य | १०००.०० | ९,८९,७०५.४८ | २८,०००.०० | |
| ३ | WSSDO/Gulmi/ SQ/G/081-82/16 | HDPE Pipe सप्लाइ कार्य | १०००.०० | १५,३५,७६६.६८ | ४३,५००.०० | |

कार्यालय प्रमुख

कावासोती नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल
२०७३

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति २०८२/०१/२८

यस कार्यालयबाट तेश्रो पटक मिति २०८२/०१/१० मा प्रकाशित ठेक्का नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आब्हान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 21/REV/KM/ 2081/082 | Extraction of River Bed Material From Kerunge khola (a) Highway dakshin khanda-kha (b) Hhighway uttar sisaughari khanda– ka (c) Highway uttar sishaughari khanda –kha | रोज डेभलपर प्रा.लि. टोखा-२ काठमाण्डौं | १,३६,२०,७७१.४० | |

प्रमुख प्रशासकीय अधिकृत

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



गोतामकोट गाउँ
रुकुम पश्चिमको जाजरकोटसँग सिमाना जोडिएको आठबिसकोट नगरपालिका- ४ र ५ मा अवस्थित गोतामकोट गाउँ । तस्विरः कुलदीप न्यौपाने/रासस

# विवाह नगरी बसेका महिला र पुरुषहरू सम्मानित




**कृष्ण पोखरेल**
*पाल्पा ।*

रिव्दीकोट गाउँपालिका वडा नं १ ख्याहा पाल्पाले फरक फरक प्रकृतिका काम गरेर चर्चामा जोडिने गरेको छ । गाउँबाट गोरु पालन हराउदै गएको समयमा, गाउँ गाउँमा गोरु पालन अभियान, घर घरमा सालको टपरी निर्माण, एक सन्तानमा सिमित भएका दम्पत्तीहरुलाई ३ वटा सन्ताउन जन्माउ, पुरस्कार पाऔ, घर बनाईदिन्छौ , जन्मघर फर्किआउ जस्ता फरक प्रकृतिका काम गर्दै आएको वडाले विवाह नगरी बसेका लाई सम्मान गरेको छ । वडा कार्यालयले वडा भित्रका एकल रुपमा बस्दै आएका १५ जना महिला तथा पुरुष लाई नगद ५ हजार रुपैयाले सम्मान गरेको छ । विवाह नगरी बसेका ३५ बर्ष भन्दा बढी उमेरका महिला र ४० बर्ष भन्दा माथिका पुरुषहरुको साथै विवाह भई श्रीमान गुमाएका ६० बर्ष भन्दा कम उमेरका एकल महिला र श्रीमती गुमाएका ७० बर्ष भन्दा कम उमेरका एकल पुरुषहरुलाई पुरस्कृत गरेको वडा अध्यक्ष चिरञ्जीवी पोखरेलले बताए ।

परिवारमा दाजु भाई नभएका तर विवाह नगरी वावा आमा संग बस्दै आएका एकल महिला, विवाह नगरेका पुरुष, श्रीमान तथा श्रीमती गुमाएका महिला तथा पुरुषहरु सम्मानित कार्यक्रममा नेपालमै नयाँ अभ्यास भएको वडावासीले बताएका छन ।

श्रीमतीको १४ बर्ष अघि मृत्यु भयो, छोरा छोरीको हेरचाहको लागी दोस्रो विवाह गरिन, अहिले नत छोरा छोरीले हेरे, नत आफन्त र सरकार हेरे, आज वडा कार्यालय बाट हामी जस्ता दुःख पाएका व्यक्तिहरु लाई नगद सहित सम्मान गरेकोमा खुसी लागेको वडा नं १ ख्याहा जोगीथुमका एकल पुरुष केशव कुमालले बताए ।

एकल महिला पुरुष भने राज्यको कुनै पनि निति नियम तथा संरचनामा नपरेका एकल महिला तथा पुरषहरुलाई रिव्दीकोट १ ख्याहा वडा कार्यालयले सम्मान गरेको हो । मेरा कुनै दाजुभाई छैनन, म बाबा आमा लाई पालेर बसेकी थिए ,बाबा आमाको मृत्यु पछी म एकल जिवन विताउदै आएकी छु । एकल रुपमा भएपनि समाजमा आफ्नो काम गरेर जिविकोपार्जन गरेकी छु ।सम्मान स्वरुप पाएको रकम औषधी उपचारमा तथा आपत विपतमा खर्च गर्ने एकल महिला बन्दना सुनारले बताईन ।

वडा कार्यालय बाट गाउँमा बसेका जनता संग जोडिने काम भएका छन । राज्य बाट कहि कतैबाट सम्वोधनमा नपरेका हामी जस्ता एकल महिला पुरुष लाई सम्मान गरेर हौसल्ला बढाएको छ । एकल महिला तथा पुरुषको विषयमा राज्यको निति परिमार्जन गर्नुपर्ने हामीजस्ता एकल महिला पुरुषहरु लाई सो परिभाषमा समवेश गर्नुपर्ने एकल महिला शारदा सुनारले बताईन ।

स्थानीय सरकार घरदैलोको सरकार भएकोले जनता संग प्रत्यक्ष जोडिने स साना कामहरुको सम्वोधन गर्नु नै मुख्य काम हो ।

रिव्दीकोट ख्याहा वडा कार्यालयले जनता संग प्रत्यक्ष जोडिने, गाउँघरका परम्परा, आयआर्जन, संघ र प्रदेश सरकारबाट ध्यान नपुगेका कामहरु लाई प्राथमिकता दिएर काम गरेकोमा वडाबासीले घरदैलोमै सरकार रहेको महशुस गरेका छन ।

# तिलोत्तमामा स्केट खेलाडीका लागि सामुदायिक पुस्ताकालय




बुटवल । रूपन्देहीको तिलोत्तमास्थित स्केट एड नेपाल सामुदायिक पुस्ताकालय भवनको शनिबार उद्घाटन गरिएको छ । पुस्तकालयको तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले एक समरोहकाबिच उद्घाटन गरेका हुन । स्केट एड नेपालले तिलोत्तमा नगरपालिका वडा नं. ४ डिङ्गरनगरमा स्केट खेलाडीहरुलाई मध्यनजर गरी पुस्तकालय निर्माण गरेको हो । सामुदायिक पुस्तकालय भवन उद्घाटन गर्दै नगरप्रमुख खाँणले स्केट एड पार्कले तिलोत्तमाको पहिचान गराउने विश्वास व्यक्त गरे ।

उनले स्केट एड साहसी खेलका रुपमा विश्वमा परिचित रहेको बताउँदै सामुदायिक पुस्तकालयले खेलाडीहरुलाई थप अनुशासित बनाउने बताए । नगरप्रमुख खाँणले तिलोत्तमाको नदी उकासमा बनाइएको स्केटपार्क र सामुदायिक पुस्तकालय भवनको विकासमा लागि स्थानीय सरकारका रुपमा आफूहरु साथमा रहेको जनाए ।

यस्तै संविधानसभा सदस्य विनोद पहाडीले स्केट पार्क मार्फत तिलोत्तमाले नयाँ पहिचान बनाउन सक्ने बताउँदै अन्तर्राष्ट्रियस्तरमा समेत चिनाउने गरी पूर्वाधार बनाउनुपर्नेमा जोड दिए । उनले स्केट पार्क बनेसँगै रुपन्देहीको तिलोत्तमा र बुटवल क्षेत्रका खेलाडीहरु अन्तर्राष्ट्रियस्तरको खेलमैदानमा पुगेको बताउँदै सबैको साथ सहयोग गर्नुपर्नेमा जोड दिए ।

यस्तै सामुदायिक पुस्तकालयको भवन उद्घाटनमा स्केट एड नेपालका अध्यक्ष जागृत पहाडीले दक्षिण एसियालीमै नमूना स्केट पार्क बनाउने उदेश्य अनुसार दोस्रो चरणमा सामुदायिक पुस्ताकालय भवन बनाइएको बताए । उनले स्केटपार्क र सामुदायिक पुस्तकालय भवन बनाउन स्थानीय सरकार, वडा कार्यालय सहित स्थानीय समुदायको सहयोप्रती आभार व्यक्त गरे ।

जापानीज स्केटर तथा युटुबर सिमन ईवाजावाले पुस्तकालयय बनाउन आर्थिक सहयोग जुटाउन अभियान चलाएका थिए । पुस्तकालयले बालबालिकाहरूलाई खेलसँगै अतिरिक्त ज्ञानवृद्धिमा सहयोग गर्ने विश्वास लिइएको छ ।

पुस्ताकालयमा विश्वभरका खेल र अन्य ज्ञानसँग सम्बन्धित पुस्तक तथा पार्कमा स्केटका लागि आएका बालबालिकाहरूले इन्टरनेट समेत चलाउन पाईनेछ ।

उद्घाटनका अवसरमा तिलोत्तमा नगरपालिका वडा न. ४ का पूर्व अध्यक्ष दीवाकार ढकाल, वडासदस्य मित्रलाल न्यौपाने, जपानीज यूटुबर सिमन इवाजावा, गौरव आचार्यले बोल्दै पुस्तकालयले खेलाडीहरुलाई ज्ञानवृद्धिमा ठूलो टेवा पुग्ने बताए ।

स्केट पार्कमा हाल ४० जना बालबालिकाहरूले निशुल्क स्केटको सेवा लिइरहेका छन् । २०१९ देखि तिलोत्तमा स्थित स्केट पार्कमा स्केटबोर्डका निशुल्क प्रशिक्षण तथा विभिन्न प्रतियोगिता हुँदै आएको छ ।

# जनतामा पुगेपछि जनलहर बद्दै : खनाल



गुल्मी । नेकपा माओवादी केन्द्रका केन्द्रीय सचिव तथा लुम्बिनी प्रदेशका इञ्चार्ज चक्रपाणि खनाल (वलदेव ) ले २०६४ सालमा चुनाव जितेपछि जनतामा नफर्किएका कारण २०७० मा हारेको बताए । उनले त्यो कमजोरी स्वीकार गर्दै अहिले जनताकोमा पुगे लगत्तै जनलहर बद्दै गएको दाबी गरे ।

पूर्व मन्त्री समेत रहेका उनले फुटेका माओवादीहरु एक ठाउँ ल्याउने मात्र नभई माधव नेपालको पार्टी लगायत विभिन्न पार्टीसंग एकता वा मोर्चा बनाएर आगामी निर्वाचनमा जानेबारे छलफल चलेको बताए ।

पार्टी अध्यक्ष प्रचण्डले पछिल्लो पटक सरकार चलाउदा भ्रष्टाचारविरुद्ध चालेको कदम र सुशासनका पक्षमा खेलेको भुमिकाले जनतामा माओवादी प्रति आकर्षण बढेकोले अब कांग्रेस एमालेहरुले जनतालाई आफ्नो पेवा नठान्न समेत चुनौती दिए । उनले समकालिन शीर्ष नेताहरुमध्ये पार्टी अध्यक्ष प्रचण्ड सबैभन्दा अब्बल र जनताले आश गर्ने एक मात्र नेता भएको दाबी समेत गरे । कार्यक्रममा सो पार्टीका लुम्बिनी प्रदेश अध्यक्ष सुदर्शन बरालले आफू लुम्बिनी प्रदेश सरकारको सामाजिक विकास मन्त्री हुँदा रुरुक्षेत्रको बम्घाको खानेपानी समस्याको समाधान, बम्घाकोटको पुनर्निमाण, मोटरबाटोको स्तरोन्नतिलगायत विकासमा खेलेको भूमिकाको स्मरण गर्दै आगामी दिनमा पनि रुरुक्षेत्रवासीकै साथमा रहने प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रममा सो पार्टीका केन्द्रीय सदस्य तथा गुल्मी जिल्ला इञ्चार्ज सिर्जना तरामु, जिल्ला पार्टी संयोजक तेजेन्द्र सलामी, लुम्बिनी प्रदेश कमिटी सचिवालय सदस्य बुद्धि जिसी, जिल्ला पार्टी सचिव अशोक थापा, प्रदेश कमिटी सदस्य गीता रिजाल ,रुरुक्षेत्र गाउँपालिका अध्यक्ष यदु ज्ञवालीलगायतले शुभकामना मन्तब्य राखेका थिए ।

त्यस अवसरमा क्रान्तिकारी कम्युनिष्ट पार्टीका केन्द्रीय सदिस्य केशव अधिकारी माओवादी केन्द्रमा प्रवेश गरेका थिए ।

# बुटवलमा प्रदीप नेपालको जीवनी चर्चा



बुटवल । नेपाली वामपन्थी आन्दोलनका नेता एवं वरिष्ठ साहित्यकार प्रदीप नेपालको सम्मान र स्मृतिमा बुटवलमा उनको जीवनीमाथि चर्चा गरिएको छ ।

मार्क्सवादी विचार मञ्च, नेपाल-०५९ ले बुटवलमा आयोजना गरेको कार्यक्रममा वक्ताहरुले दिवंगत प्रदीप नेपालले कम्युनिस्ट आन्दोलन र लेखनमा गरेको योगदानको चर्चा गर्दै उनी निर्भिक र इमानदार नेता भएको बताए ।

पूर्व मुख्यमन्त्री तथा लुम्बिनी प्रदेश सांसद लिला गिरीले उनी सरल, इमानदार, सही र गलत छुट्याउन सक्ने असल कम्युनिस्ट नेता भएको बताए । उनले पत्रकारिता र साहित्यिक लेखनको माध्यमबाट समेत महत्वपूर्ण योगदान गरेको जनाए ।

मार्क्सवादी चिन्तक एवं वरिष्ठ साहित्यकार दिल साहनीले पञ्चायतकालमा पार्टी भूमिगत रहेको बेला प्रदीप नेपालसितको सहकार्य र भेटघाटको स्मरण गर्दै उनी स्पष्ट र निर्भिक व्यक्तित्व भएको औंल्याए । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पिबिएम प्रेम सुवेदीले उनी राजनीतिक, साहित्यिक, सांस्कृतिक र पत्रकारिता क्षेत्रमा योगदान गरेका बहुआयामिक व्यक्तित्व भएको बताए ।

संस्कृतिकर्मी झपेन्द्र जीसीले कम्युनिस्ट आन्दोलनको विस्तारको क्रममा उनले लुम्बिनी क्षेत्रको समेत नेता भएको बताउँदै उनले लेखेका बालसाहित्यलाई स्थानीय सरकारले पाठ्यपुस्तक राख्नुपर्ने बताए ।

लुम्बिनी वाङ्मय प्रतिष्ठानका अध्यक्ष ऋषि आजादले उनले मृत्युको नयाँ संस्कार छोडेर गएकोले यसलाई सबैले आत्मसात गर्नुपर्ने जनाए । प्रदेश पूर्वसांसद थानकुमारी थापाले कम्युनिस्ट आन्दोलनको महत्वपूर्ण नेता भएको बताइन् ।

वरिष्ठ पत्रकार डा.बालकृष्ण चापागाईंले दिवंगत प्रदीप नेपालको संक्षिप्त चिनारी प्रस्तुत गर्दै उनी वि.सं. २०२६ सालमा विद्यार्थी संगठनमा जोडिएर राजनीति सुरु गरेको चर्चा गर्दै २०७५ सालमा सक्रिय राजनीतिबाट अलग भएको बताए । उनले साहित्य क्षेत्रमा पार्टीकी आमा, पूर्वतिर, मुक्ति, स्वप्नील सहर, देउमाइको किनारामा, मुक्त आकासको खोजीलगायत दर्जनौ साहित्यिक कृतिहरु लेखेको बताए ।

मार्क्सवादी विचार मञ्चका उपाध्यक्ष विनबहादुर कुँवरको अध्यक्षता, उपाध्यक्ष गोमादेवी आचार्यको स्वागत र महासचिव पदम कार्कीको सञ्चालनमा कार्यक्रममा भएको थियो ।

कार्यक्रममा विभिन्न वामपन्थी नेता, बुद्धिजीवी, लेखक तथा साहित्यकारहरु उपस्थिति रहेको थियो ।

» *भिम कार्की प्रशिक्षार्थी*







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com